पञ्ञा नरानं रतनं

नेपाल बौद्ध परियत्ति शिक्षा
अ.ने.भि. महासंघ द्वारा संचालित
स्थापित बु.सं. २५०७

# परियत्ति

PARIYATTI BULLETIN बुलेटीन

सुत्तन्तेसु असन्तेसु,
पमुट्ठे विनयम्हि च ।
तमो भविस्सति लोको,
सुरिये अत्थङ्गते यथा ॥
सुत्तन्ते रक्खिते सन्ते,
पटिपत्ति होति रक्खिता ।
पटिपत्तियं ठितो धीरो,
योगक्खेमा न धंसति ॥

सूत्र रहेन भने र विनय नष्ट भयो भने यो लोक त्यस्तै प्रकारले अन्धकारपूर्ण हुन्छ, जसरी सूर्य अस्ताउँदा हुन्छ । सूत्र रक्षा भइर ह्यो भने प्रतिपत्ति रक्षा हुन्छ, प्रतिपत्तिमा स्थिर भइरहने धीर पण्डित योगक्षेम निर्वाण प्राप्त गर्नबाट विमुख हुँदैन ।

अङ्क - ७ बु.सं २५५१ वि.सं. २०६५ वैशाख ने.सं. ११२८ ई.सं. २००८

## नेपाल बौद्ध परियत्ति शिक्षा - एक झलक

● *भिक्षु सुदर्शन*

भगवान् बुद्धको जन्मभूमि नेपालमा वहाँको उपदेश पढ्ने र पढाउने व्यवस्था एउटा अतिआवश्यक कदम हो । यो एउटा केवल आवश्यता मात्र नभई हामी सम्पूर्ण नेपालीहरूको कर्तव्य पनि हुन आउँछ तर यो काम चाँहि नभएको होइन । मन्त्र धारणी र कथाको शिक्षा मात्रै वंश परम्परागत रूपले पढ्ने-पढाउने हुँदै आइरहेको छ । वश भन्तेहरूको तर्फबाट धर्म उपदेश भयो, सुन्यो र सकियो यत्तिमै सीमित थियो । बुद्ध धर्मको शिक्षा कसले कतिको बुझ्केको छ भन्ने कुरा अरूले त के आफैलाई पनि थाहा छैन ।


नेपाल बौद्ध परियत्ति शिक्षाका उद्देश्यहरू

१) बुद्ध धर्मको शिक्षा आफु र अरुले कतिको बुझ्केको छ भन्ने कुरा थाहापाउनको लागि हो ।

२) यसको अन्तिम लक्ष्य सम्पूर्ण त्रिपिटक वाङ्मय थाहा पाउनको लागि हो ।

३)विहारका उपासकउपासिकाहरू परिधिभित्र मात्रनभई, सर्वसाधारण जनताहरूले पनि यसको अध्ययन व्यवस्थामा भाग लिन लगाउनु हो ।

भगवान् बुद्धको परिनिर्वाणपछि बुद्ध शासन चिर स्थायीको लागि पहिलो संगायन भयो । यो पछि बुद्धको उपदेश उपज्झाय परम्परा वा भाणक परम्परा चलाए । एउटा एउटा अक्षर, एउटा एउटा शब्द सम्म पनि नबिगारी धर्मका मूलरूपलाई सुरक्षित गर्नमा संगायन परम्पराले जुन मौलक देन दिएको छ, उपझाय शिष्यको कण्ठ परम्पराले यसलाई भरोसा दिने कार्य भएको छ । तर समयको क्रमसँगै शिक्षण शैलीमा परिवर्तन आएपछि अर्थकथा र आचार्य परम्पराको धारणाको कुरामा पनि परिवर्तन आएको वाङ्मयाका एतिहासिक सर्वेक्षणले



स्पष्ट गर्छ । बर्मा, श्रीलंका र थाइलैण्डका वर्तमान उपज्झाय शिष्यका बीचमा यस बुद्ध धर्मको शिक्षण शैली र मध्य बर्माको शिक्षण शैली नेपालमा थेरवाद बुद्ध शासन पुनः प्रवेशपछि संघमहानायक प्रज्ञानन्द महास्थविरको प्रेरणामा भिक्षु बुद्धघोष महास्थविर त्रिशुलीस्थित सुगतपुर विहारमा वर्षावास बस्न जानुभयो । त्यहाँ बुद्ध धर्म सिकाउने काम वि.सं. २०१९ तिर नेपालको परिपेक्ष्यमा विद्यालयको कक्षागत प्रकारले गर्नुपर्छ भन्ने अवधारणा ल्याइयो । त्यहीबाट नै दुई वर्ष भित्र पाचँबाट कक्षा शुरु गरी सिकाउने र परीक्षा लिने काम भयो । यसको लागि व्यापक प्रचार गर्नुपर्यो भनि कुरा आएपछि यसलाई नेपालभरी नै व्यापक गर्नपर्ने कुरा हुनगयो ।

अनि यही सवालमा अखिल नेपाल भिक्षु महासंघमा यसको प्रस्ताव आएपछि ५ वैशाख २०२० को नवौं बैठकले त्रिशुलीमा निर्माण भएको ५ कक्षाको पाठ्य सामाग्रीलाई परिवर्तित र परिवर्द्धित गरी ३ कक्षासम्मको पाठ्यक्रम निर्माण भयो । शैक्षिक उद्देश्यका मुख्य आधार पाठ्यक्रम हो यसमा कुनै पनि संशय नै रहेन । विहारमा आउने गरेका उपासकउपासिकाहरूलाई मनस्थितीलाई अध्ययन गरी उपलब्ध भएका पुस्तकहरूमा आधारित भई बु.सं. २५०७ मा ३ कक्षा सम्मलाई अध्ययन अध्यापनलाई पाठ्यक्रम बनाउने कार्य सम्पन्न भयो । अनि प्रत्येक वर्षमा एउटा कक्षाको पाठ्यक्रम बढाउने क्रममा वि.सं.२०२० मा यसको उत्साहवर्द्धक वातावरण र आशातीत सफलता देखि अखिल नेपाल भिक्षु महासंघले ७ कक्षासम्मको पाठ्यक्रम निर्माण भयो । उपज्झाय परम्पराले शब्दसः कण्ठ गर्नपर्ने पाठ्यक्रममा धेरै महत्व दिने क्रममा विहारमा आउने उपासकउपासिकाहरूका बच्चाहरूलाई समेत गाह्रो अनुभूति भएपछि यो समस्यालाई पाठ्यक्रम विकासले त्यसताका मध्यम मार्ग अपनाइयो । यही कुरालाई हृदयंगम गरी पाठ्यक्रम निर्माण गरियो ।

बाँकी पेज नं. ९ मा

## परियत्ति प्रतिज्ञा

नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरू सिक्ने मौका पाएँ । यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो मन, वचन र कर्मले पालन गर्नेछु । अनि यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउनेछु । यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले नेपालमा बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्नभै सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु ।

सम्पादकीय

# नयाँ नेपाल र बुद्ध शिक्षा

दशबर्षे द्वन्द्वको रापबाट नेपालले भर्खरै उन्मुक्ति पाएको छ । यस्ता द्वन्द्वहरू फेरी नदोहरिउन भनेर प्रत्येक नेपालीले चाहना गरिरहेका छन् । यथास्थितिबाट नयां परिवर्तनतिर अघि बढ्न, नयां संविधान कोरेर नयां नेपाल बनाउने आकर्षक नारासहित भोट माग्नेकाम राजनीतिकर्मीहरूले गरेअनुरुप नेपाली जनताहरूले देश निर्माणको लागी भर्खरै निर्वाचनमा भाग पनि लिईसकेका छन् । नयां नेपाल भनेको के हो र यसको खाका निर्वाचित संविधान सभा सदस्यहरूले कसरी कोर्ने भन्ने कुरामा धेरै जसो जनता लाई स्पष्ट नभएतापनि हाल विद्यमान विभिन्न समस्याहरू बाट देश मुक्त होस भन्ने चाहना सबैमा व्याप्त छन् । राजनीतिकर्मीहरूले नयां नेपाल भनेर जूनसकै हिसाबले भनेपनि जनताहरू उनीहरूले सामना गरिहेको अशान्ति दिगो शान्तिमा परिणत होस्, आधारभुत आवश्यकता पुरा होस्, बेरोजगार हटेर सबैको आर्थिक पक्ष सवल होस्, समाजमा रहेका विभिन्न सामाजिक विसंगति हरू हटुन भनेर आशावादी भईरहेका छन् । हुन त जनतासामु गरिएका घोषणाहरू र चुनावको समयमा गरिने वाचा र प्रतिवद्धताहरू लागु हुन्छन् नै भनेर जनताहरूमा पनि पूर्ण विश्वास हुँदैन । तर पनि केहि हुन्छ कि भनेर भिनो आशा राखिरहेका हुन्छन् । जनताहरूको सम्पूर्ण ईच्छा र आकांक्षा पुरा गर्नु भनेको जुनसुकै सरकारको पनि क्षमता बाहिरको कुरा हुन्छन् । तर सामान्य रुपले जिउनको लागि आवश्यक आधारभूत बस्तुको आकांक्षालाई संबोधित गर्नु प्रत्येक राज्यको कर्तव्य हुन्छ । यसको लागि सरकार ले आफ्नो तर्फबाट प्रयास गर्नैपर्छ । विशेष रुपमा सरकारको प्रथम दायित्व भनेको देशका जनता हरूबीच त्यस्तो शिक्षाको प्रचार प्रसार गर्नुहो जसबाट उनीहरूमा सही रुपले सामाजिक, नैतिक, आर्थिक जागरणहरू उदय होस । यस्ता जागरण उदयभएमा जनता हरू स्वतः स्वाबलम्बि हुन्छन् र समाजमा सामाजिक न्याय, नैतिकताको विकास, आर्थिकविकासका पुर्वाधार हरू निर्माण भई सुख सन्तोष र दिगो शान्तिको प्रादुर्भाव हुन्छ । यसप्रकारको सन्देश फिजाउन सक्षम तथा अचूक शिक्षाको रुपमा बुद्धशिक्षा भन्दा उपयुक्त अरु हुनसक्दैन । बुद्ध शिक्षामा सामाजिका रुपान्तरण, आर्थिक विकासका सहि माध्यम, मानिसहरूको मानसिकता विकासकालागी आवश्यक अनगिन्ति उपदेशहरू समावेश छन् । आजको आवश्यकता भनेको त्यसलाई सही रुपमा प्रचार प्रसार गर्नु हो । बुद्ध जन्मेको यस बुद्धभुमिमा बुद्धका विभिन्न पक्षसंग सम्बन्धित शिक्षाहरूको प्रचार गर्न सकेमा देशका धेरै समस्या हरूको समाधान सजिलै हल गर्न सकिन्छ । यसकुरालाई बुझेर सरकारी संयन्त्रलाई यसतर्फ पनि लगाउन सकेमा निश्चय पनि सबैको भलो हुने र सांच्चैको अर्थमा नयां नेपाल निर्माण गर्ने उद्देश्य सम्पन्न गर्न सक्षम हुनेछ ।

पञ्ञा नरानं रतनं
तिपिटक
ने.बौ.पि. महासंघ द्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
स्थापित बु.सं. २५०७

सम्पादक
भिक्षु बोधिज्ञान

प्रबन्ध सम्पादक
त्रिरत्न मानन्धर

सम्पादन सहयोगी
मोनिस बज्राचार्य

विशेष सहयोगी
भिक्षु जनक


कम्प्युटर सेटिङ्ग
रामकृष्ण देसार


सहयोगी
भिक्षु मिलिन्दो


यस परियत्ति बुलेटीन प्रकाशनार्थ सहयोग गरिदिनु भई परियत्ति शिक्षा प्रति माया र सद्भाव राख्नु हुन विनम्र अनुरोध गरिन्छ ।


सम्पर्क सचिवालय
विश्व शान्ति विहार
मीनभवन, काठमाडौं
पो.ब.नं - ८९७३,
एन.पी.सी. - ३२७,
फोन नं. ४-४८२९८४/
४-४८२२५० (+Fax)
E-mail: vishwa@ntc.net.np


# बु.सं. २५५१ को परीक्षा परिणामका सचित्र तथ्याङ्कहरू




























# ने.बौ.प.शि.को संस्थाको संरचना र विभिन्न समितिका पदाधिकारीहरू

**अखिल नेपाल भिक्षु महासंघ**

↓

**नेपाल बौद्ध परियत्ति समिति**

↓

**नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्**

- आर्थिक व्यवस्थापन
- पाठ्यक्रम निर्माण तथा व्यवस्थापन
- परीक्षा सञ्चालन
- दीक्षान्त समारोह
- शिक्षक-शिक्षिका तालिम तथा प्रशिक्षण
- परियत्ति अनुसन्धान

### नेपाल बौद्ध परियत्ति समिति

| | |
|---|---|
| १) शिक्षाध्यक्ष | भिक्षु बुद्धघोष |
| २) सह शिक्षाध्यक्ष | भिक्षु ज्ञानपूर्णिक |
| ३) के.परीक्षा नियन्त्रक | भिक्षु बोधिज्ञान |
| ४) के. सह परीक्षा नियन्त्रक | भिक्षु भद्दिय |
| ५) सदस्य | भिक्षु कुमारकाश्यप |
| ६) सदस्य | भिक्षु सुमेध |
| ७) सदस्य | भिक्षु तपस्सीधम्म |

### नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्

| | |
|---|---|
| १) भिक्षु बुद्धघोष | शिक्षाध्यक्ष |
| २) भिक्षु ज्ञानपूर्णिक | सह शिक्षाध्यक्ष |
| ३) भिक्षु बोधिज्ञान | के.परीक्षा नियन्त्रक |
| ४) भिक्षु भद्दिय | क.सहपरीक्षा नियन्त्रक |
| ५) भिक्षु सुमेध | सदस्य |
| ६) भिक्षु राहुल | सदस्य |
| ७) भिक्षु निग्रोध | सदस्य |
| ८) भिक्षु कोण्डन्य | सदस्य |
| ९) अ.ञाणवती | सदस्य |
| १०) श्री पद्मज्योति | सदस्य |
| ११) श्रामणेर धम्मघोष | सदस्य |
| १२) अ.सुजाता | सदस्य |
| १३) श्री ठाकुरमान शाक्य | सदस्य |
| १४) डा.केशरीलक्ष्मी मानन्धर | सदस्य |
| १५) श्री त्रिरत्न मानन्धर | सदस्य |

### व्यवस्थापन समिति

| | |
|---|---|
| १) श्री पद्मज्योति | संयोजक |
| २) ठाकुरमान शाक्य | सह संयोजक |
| ३) सुवर्ण शाक्य | सदस्य |
| ४) अ. धम्मवती | सदस्य |
| ५) डा. केशरीलक्ष्मी मानन्धर | सदस्य |
| ६) मीरा ज्योति | सदस्य |
| ७) गंगा श्रेष्ठ | सदस्य |
| ८) वीणा कंसाकार | सदस्य |
| ९) चन्द्रदेवी शाक्य | सदस्य |
| १०) भिक्षु कोण्डन्य | संयोजक,पाठयक्रम |
| ११) अ. ञाणवती | संयोजक,शिक्षक,शिक्षिका |
| १२) राजु तुलाधर | सदस्य |

### शिक्षक शिक्षिका शिक्षण समिति

| | |
|---|---|
| १) अ.ञाणवती | संयोजक |
| २) भिक्षु पञ्ञारत्न | सह-संयोजक |
| ३) भिक्षु जनक | सदस्य |
| ४) अ. सुजाता | सदस्य |
| ५) सबिता धाख्वा शाक्य | सदस्य |
| ६) चन्द्रदेवी शाक्य | सदस्य |

### परीक्षा समिति

| | |
|---|---|
| १) भिक्षु बोधिज्ञान | केन्द्रीय परीक्षा नियन्त्रक |
| २) भिक्षु भद्दीय | सह परीक्षा नियन्त्रक |
| ३) भिक्षु सोभित | सदस्य |
| ४) भिक्षु संघरक्षित | सदस्य |
| ५) अ. सुजाता | सदस्य |
| ६) सुश्री अमिता धाख्वा | सदस्य |
| ७) श्री त्रिरत्न मानन्धर | सदस्य |

### दीक्षान्त समारोह समिति

| | |
|---|---|
| १) भिक्षु बोधिज्ञान | संयोजक |
| २) भिक्षु तपस्सीधम्म | सदस्य |
| ३) अ.चारुञाणी | सदस्य |
| ४) श्री ठाकुरमान शाक्य | सदस्य |
| ५) श्रीमती चन्द्रदेवी शाक्य | सदस्य |

### पाठ्यक्रम निर्माण तथा व्यवस्थापन

| | |
|---|---|
| १) भिक्षु कोण्डन्य | संयोजक |
| २) भिक्षु संघरक्षित | सह-संयोजक |
| ३) भिक्षु पदुम | सदस्य |
| ४) अनागारिका कुसुम | सदस्य |
| ५) सुश्री नानीमैया मानन्धर | सदस्य |
| ६) सुश्री अमिता धाख्वा: | सदस्य |
| ७) श्री त्रिरत्न मानन्धर | सदस्य |

### परियत्ति अनुसन्धान समिति

| | |
|---|---|
| १) भिक्षु निग्रोध | संयोजक |
| २) श्री त्रिरत्न मानन्धर | सह-संयोजक |
| ३) भिक्षु धर्मगुप्त | सदस्य |
| ४) भिक्षु संघरक्षित | सदस्य |
| ५) अ. अग्गञाणी | सदस्य |
| ६) मदनरत्न मानन्धर | सदस्य |
| ७) महेन्द्ररत्न शाक्य | सदस्य |
| ८) रीना तुलाधर | सदस्य |
| ९) सबिता धाख्वा: | सदस्य |

# ने.बौ.प.शि.को वार्षिक सभाका सदस्यहरू तथा दाताहरू

वि.सं. २०६४ असोज १२ गते विश्वशान्ति विहारमा आयोजित ५ औं वार्षिक साधारण सभाको दिन नयाँ तथा नविकरण गराएका साधारण सदस्यहरू

*(रु ५००/- प्रत्येक वर्ष नविकरण गर्नुपर्ने)*

| | |
|---|---|
| अ. अग्गञाणी | बुद्धनगर, काठमाडौ |
| अमिता धाख्वा | नागबहाल, |
| बाबुरत्न नापित | सुनागुठी |
| बासन्तीदेवी बज्राचार्य | कमलादी,काठमाडौ |
| विजया ज्ञवाली | लैनचौर |
| वीणा कंसाकार | क्षेत्रपाटी |
| भिक्षु बोधिज्ञान | विश्वशान्ति विहार |
| अ. चमेली (अ. धम्मदिना) | धर्मकिर्ति विहार |
| दिपसना | पुल्चोक |
| इश्वरीदास अधिकर्मी | सानेपा |
| हिरा काजी शाक्य | नागबहाल, |
| जुजुभाई तुलाधर | न्युरोड |
| अ. इन्द्रावती | धर्मकिर्ति विहार |
| अ. जयवती | धर्मकिर्ति विहार |
| ञाणशीला | शाक्यसिंह विहार |
| काजीमान महर्जन | गछे टोल |
| कृष्णकली शाक्य | नयांबानेश्वर |
| मखन लाल श्रेष्ठ | बानेश्वर |
| अ. ञाणवती | भास्सरा |
| मणिजीब कंसाकार | केलटोल,काठमाडौ |
| प्रकाश तुलाधर | श्रीघ: |
| प्रेमलाल श्रेष्ठ | नेपाल क्याप हाउस |
| पन्नारत्न तुलाधर | मीनभवन,नयांबोनेश्वर |
| रोहिणी मास्के | लाजिम्पाट |
| सरिता तुलाधर | मछेन्द्रबहाल |
| अ. श्रद्धावती | शंखमुल |
| अ. सुजाता | नकबहील |
| सुजाता मानन्धर | असन, त्यौद |
| प्रेमराज शाक्य | मीनभवन |
| राजेश शाक्य | ल्होंल टोल, |
| संगिता धाख्वा | शान्तिनगर |
| सति धाख्वा | शान्तिनगर |

## नेपाल बौद्ध परियत्ति शिक्षाका हाल सम्मका

### अति विशिष्ट सदस्यहरू

द्रव्यमान सिंह तुलाधर
केशरी लक्ष्मी कंसाकार
श्री पद्मज्योति
आचार्य भिक्षु कुमारकाश्यप धार्मिक कोष

### विशिष्ट सदस्यहरू (१०,०००/-)

भक्ति दास श्रेष्ठ
विजय वज्राचार्य
दान लक्ष्मी कंसाकार
दिव्य लक्ष्मी श्रेष्ठ
गिरिधर मानन्धर
जीत बहादुर वज्राचार्य
कमला शाक्य
केशर मान वज्राचार्य
केशरी लक्ष्मी मानन्धर
ललित वीर सिंह
मंगला शाक्य
माणिक लक्ष्मी शाक्य
मनिष, भरत, सम, रुप कुमारी
मनोहरा देवी शाक्य
मोतिलाल शिल्पकार
नानी हीरा कंसाकार
नरेश वज्राचार्य
प्रभावती स्थापित
प्रल्हाद कृष्ण मानन्धर
प्रेम सुन्दर तलाधर
पूर्ण मान शाक्य
पूर्ण सिद्धि
रत्न मान शाक्य
रत्नेश्वरी शाक्य
रीना तुलाधर
शरण लक्ष्मी कंसाकार
ठाकुर मान शाक्य
त्रिभुवन धर तुलाधर
रेणुका मानन्धर
प्रमिता शाक्य

### यस वर्षका विशिष्ट सहयोगी तथा दाताहरू

भिक्षु बुद्धघोष प्रकाशन समितिको लागि
अ. नेक्खमीद्वारा रु. १०,५५५/-
चन्द्रमाया मानन्धर रु. १०,००५/-

### असाधारण सदस्यहरू

श्रीमती मीरा ज्योति
अ. अनुपमा
शकुन्तला प्रधान
हरि महर्जन

स्वं भान थकुं र स्व. हर्खमान महर्जनको स्मृतिमा चम्पा महर्जन रु १०,०१०/-

## यस वर्ष वार्षिक रु. १२०/- दिई सहयोग गर्नु हुने अनागारिका गुरुमाँहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| उपनन्दा | पदुमाञाणी | ञाणशीला | शुसीलवती | श्रद्धावती | सति | सत्यशीला | ञाण्वती | नन्दाथेरी |
| शुभा | शान्तिवती | मिना | अनु | निक्खमी | अम्बिका | सुचिता | विमलानन्दी | पद्मावती |
| मासुखी | मासोभा | पलिताञाणी | पद्मावती | अनुपमा | सुधावती | जयवती | सुखीञाणी | वजिरा |
| अमरावती | अभया | करुणावती | धम्मधरा | विजिता | चालावती | माश्रद्धा | शीलाचारी | धरणी |
| धम्मचारी | शीलगौतमी | प्रीतिवती | श्यामावती | चन्द्रशीला | जवनवती | खेमा | ओभासावती | यशवती |
| सुनिता | वण्णवती | भद्रावती | सुरम्मावती | सुजाता | संघवती | सुधम्मा | सोनावती | शीलवती |
| नन्दावती | सुवण्णवती | ध्यानवती | रम्मावती | चन्द्रशीला | मुदिता | सुजनवती | हेमवती | कृषागौतमी |
| दानवती | क्षान्तिवती | शुभवती | अमता | चारुञाणी | अग्गञाणी | भावनावती | विनितावती | सत्यपारमी |
| धर्मरक्षीता | त्यागवती | अतुला | सुपभावती | पञ्ञावती | चित्तावती | श्रद्धाशीला | उत्तरावती | उपशीला |
| पमिताञाणी | इनद्रावती | पभावती | खेमावती | दर्शना | जिनवती | बुद्धपाली | सुष्मा | शुभथेरी |

# द्वन्द्वको त्रास मेटाउन शान्तिशिक्षा अध्ययन

- सुनील महर्जन

छ वर्षअघि भिडन्तका क्रममा अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमा भएको बीभत्स हत्याको दृश्य उनीहरूले अझै बिर्सन सकेका छैनन्। त्यस घटनाले दिमागमा परेको असर मेटाउन सन्धिखर्कवासीले बुद्धको शान्तिशिक्षा र ध्यानकक्षा शुरू गरेका छन्।

नयाँ नेपालको निर्माण प्रक्रियासँगै हिंसाले दिमागमा पारेको नकारात्मक असर हटाउन यस वर्षदेखि बुद्धशिक्षासम्बन्धी औपचारिक कक्षा बौद्ध परियत्ति शिक्षा शुरू गरेका हुन्। यसअन्तर्गत प्रत्येक साता शनिबार बिहान सन्धिखर्क बजार र सीतापुर खरियाना घुम्तीको शान्ति निम्न माध्यमिक विद्यालयमा शील, सदाचार, मैत्री, करुण, ज्ञान विषयमा पढाइन्छ।

जिल्लामै पहिलो पटक कक्षा सञ्चालन गरिएको बुद्धदेशन अध्ययन समाज सन्धिखर्कका अध्यक्ष मोतिलाल खनालले नेपाल समाचारपत्रलाई जानकारी दिए। 'शिक्षाको उद्देश्य कसैलाई बौद्ध बनाउने होइन। मानिसहरूको मानसिक र चारित्रिक विकासका निम्ति कक्षा सञ्चालन गरिएको हो' -उनले भने।

द्वन्द्वले ध्वस्त पारेको ठाउँबाट द्वन्द्व होइन, शान्ति र सद्भाव बढाऔ भन्ने सन्देश प्रवाह गर्न खोजेको हो -समाजका अध्यक्ष खनालले भने।

२०५८ साल भदौ र फागुणमा सन्धिखर्कमा माओवादी र राज्यपक्षबीच भएको भिडन्तका क्रममा ठूलो संख्यामा मानिस मारिएका थियो। आक्रमणमा दुई दर्जनभन्दा बढीको हत्या गरी माओवादीले सदरमुकाममा रहेका सबै कार्यालय ध्वस्त गरेको थियो। यस घटनाबाट हप्तौं दिनसम्म विद्यालय, बजार र यातायात ठप्प भएको स्थानीय बासिन्दाहरू बताउँछन्।

डराएर विद्यार्थी महिनौं दिनसम्म विद्यालय नगएको घटना सुनाउँदै एक स्थानीय महिला शिक्षर्थी विष्णु खनालले भनिन् -राष्ट्रिय वाणिज्य बैंकको कार्यलय रहेकाले मेरो घरमा बम राखिएको थियो। मैले माओवादी कार्यकर्तासमक्ष रोइकराई



बरु मलाई मार घर ध्वस्त नबनाओ भनेर बिन्ती गरैं, अहिले पनि मेरो मनमा घटना ताजै छ। सम्झीसम्झी मनै सिरिङ भएर आउँछ -त्रास, हिंसालाई बिर्सिई बुद्धको शिक्षा अध्ययन गर्न आएकी उनले बताइन्।

अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित सो शिक्षाको द्वितीय वर्षको परीक्षामा पनि उनी सहभागी थिइन् र 'कक्षामा सहभागी भएर शान्तिको अनुभूतिगर्न के-कस्तो व्यवहार गर्नुपर्छ भन्ने थाहा पाएँ। खास गरी विपश्यना ध्यानको माध्यमबाट निकै शान्तिको अनुभूति गरैं' -गृहिणी विष्णुले सुनाइन्।

कक्षामा जिल्लाका विभिन्न कार्यालयका कर्मचारी, सैनिक, प्रहरी, स्कुल, कलेज पढ्ने विद्यार्थीहरू राजनीतिक कार्यकर्तालगायत करिब डेढ सय जनाले नियमित पढिरहेका छन्। प्रहरी जवान दिलबहादुर मगरले परियत्ति शिक्षामा सामेल भएपछि शील, सदाचार र ध्यानको माध्यमबाट मानसिक रूपले स्वस्थ र शान्त भएको बताए। यस्ता शिक्षा फैलाएमा समाजमा आपराधिक घटना कम हुने बताउँदै उनले आगामी वर्ष आफ्नी श्रीमती र छोराछोरीलाई समेत पढ्न पठाउने विचार रहेको जानकारी दिए।

शान्ति निमाविमा भने प्रधानाध्यपक, शिक्षक र विद्यार्थी एकै ठाउँमा बसेर परियत्ति शिक्षा पढ्छन्। यसको व्यापक प्रचारका लागि ध्यान शिविर सञ्चालन गर्न भवन निर्माणको तयारीमा जुटिरहेका समाजका अध्यक्ष खनालले भने -द्वन्द्वले ध्वस्त बनाएको ठाउँबाट ध्यानको माध्यमबाट शान्तिको बिगुल फुक्दै छौं। सबैको आवाज छ 'अब नेपाललाई शान्तिमय बनाउनुपर्छ। त्यसका लागि मनभित्र शान्तिको अनुभूति गर्नुपर्छ।'

---

# परियत्ति शिक्षाका गतिविधिहरू

## परियत्ति अनुसन्धान समिति गठन

६ पुष, काठमाडौं। २०६४ श्रावण २९ गते बसेको नेपाल बौद्ध परियत्ति शिक्षा परिषद् को बैठकका अनुमोदन तथा निर्देशन अनुसार पालि त्रिपिटिक साहित्यको अध्ययन, अनुसन्धान तथा अनुवाद गर्दै लान तथा परियत्ति सद्धम्म पालक एवं कोविद उपाधिधारीहरूलाई संगठित गर्ने उद्देश्यले भिक्षु निग्रोधको संयोजकत्वमा नौ सदस्यीय परियत्ति अनुसन्धान समिति गठन गरिएको छ। सहसंयोजक त्रिरत्न मानन्धर रहेको सो समितिमा सदस्यहरू भिक्षु धर्मगुप्त, भिक्षु संघरक्षित, अनागारिका अग्गञाणी, महेन्दरत्न शाक्य, सबिता धाख्वा, रीना तुलाधर र मदनरत्न मानन्धर हुनुहुन्छ।

## परियति अनुसन्धान सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न

२०६४ फागुन १८ गते शनिबार। परियत्ति अनुसन्धान समितिद्वारा हालसम्म नेपाल अधिराज्यव्यापी रुपमा संचालित परियत्ति शिक्षाबाट परियत्ति सद्धम्म पालक तथा परियत्ति सद्धम्म कोविद उपाधि प्राप्त सबैलाई अनुसन्धान सम्बन्धी अभिमुखिकरण कार्यक्रम मीनभवनको विश्व शान्ति विहारमा सम्पन्न भएको छ।

भिक्षु धर्मगुप्त महास्थविरको सभापतित्वमा संचालित कार्यक्रममा परिचयात्मक कार्यक्रमका साथै सह-संयोजक त्रिरत्न मानन्धर 'कोविद' ले स्वागत मन्तव्य, मदन तुलाधरले अनुसन्धानको परिचय र महत्व, महेन्द्र रत्न शाक्य 'कोविद' ले अनुसन्धानको औचित्य र वर्तमान अवस्था, सबिता धाख्वाले मस्तिष्क मन्थन, सभापतिले भावि कार्यक्रमको घोषणा तथा सदस्य अ. अग्गञाणीले धन्यवाद ज्ञापन गर्नुभएको थियो। भिक्षु संघरक्षित सद्धम्म कोविदद्वारा संचालन गरिएको समारोह धेरै हदसम्म सफल रहेको जानकारी प्राप्त हुन आएको छ।

यसका साथै बुद्धशिक्षा तथा विविध विषयमा अध्ययन अनुसन्धान गर्दै जाने उद्देश्यका साथ गठन गरिएको रुपरियत्ति अनुसन्धान समितिरु बाट पहिलो कार्यक्रमका रुपमा यही चैत्र २३ गते शनिवारका दिन परियत्ति शिक्षाका कोविद र सद्धम्म पालक उपाधिधारी विद्यार्थीहरुका साथै बौद्ध लेखकहरूलाई समेटेर बौद्ध लेखन कला प्रशिक्षण दिइएको छ। विश्व शान्ति विहारमा दिनको १ बजेदेखि प्रारम्भ सो शिक्षणमा सम्बन्धित सबैलाई सहभागिताको आव्हान समेत आयोजक समितिबाट गरिएकामा ६१ जना प्रशिक्षार्थीहरू सहभागी भएका थिए। सो कार्यकममा

लेखन विधि, प्रभावकारी प्रस्तुतीकरण, भाषा र व्याकरणको भूमिका र संचार सीपको विषयमा रिना तुलाधर, सुरेश किरण मानन्धर, मदनरत्न मानन्धर र सविता धाख्वा लगायतका प्रशिक्षकहरूले प्रशिक्षण दिएका दिए। भिक्षु उदयभद्रबाट पञ्चशील प्रदान गरी शुरु भएको सो कार्यक्रममा परियत्ति अनुसन्धान समितिका संयोजक भिक्षु निग्रोधले स्वागत मन्तव्य दिनुभएको थियो। कार्यक्रममा भिक्षु धर्मगुप्त महास्थविर, अनागारिका अग्गञाणी, डा. लक्ष्मण शाक्य, अमिता धाख्वा र त्रिरत्न मानन्धर समेतले आफ्नो मन्तव्य व्यक्त गरेका थिए।

## पाठ्यक्रम समिति गठन

२०६४ चैत्र १३ गते, बुधवार । नेपाल बौद्ध परियत्ति शिक्षा अन्तर्गत पाठ्यक्रम समितिका संयोजक भिक्षु कोण्डन्यको अध्यक्षतामा बसेको बैठकमा नयाँ पाठ्यक्रम समिति पुनर्गठन गरिएको छ। बैठकबाट सह-संयोजकमा भिक्षु संघरक्षित सद्धम्म 'कोविद' तथा सदस्यहरूमा भिक्षु पदुम, अ. कुसुम, त्रिरत्न मानन्धर 'कोविद' रहेका छन्।

## पाँचौ वार्षिक परियत्ति सभा सम्पन्न

नेपाल बौद्ध परियत्ति शिक्षाको पाँचौं वार्षिक सभा वि.सं. २०६४ असोज १२ गते नयाँ बानेश्वरस्थित विश्व शान्ति विहारमा सम्पन्न भएको छ। लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. केशवमान शाक्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा सभापतित्व ग्रहण गर्नु भएका भिक्षु धर्मपालले शील प्रदान गर्नुभएको थियो। दुई सेसनमा सञ्चालित उक्त कार्यक्रममा पहिलो सेसन अन्तर्गत कार्यक्रम उद्घाटन लगायतका औपचारिक कार्यक्रम र दोस्रो सेसन अन्तर्गत अन्तरक्रिया कार्यक्रम भएको थियो।

कार्यक्रममा शिक्षक शिक्षिका शिक्षण समितिका संयोजक अ. ञाणवतीले स्वागत भाषण गर्नुहुँदै नेपाल बौद्ध परियत्ति शिक्षालाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न परियत्ति परिषद अन्तर्गत विभिन्न समितिहरू गठन भएको र सबै समितिहरूले आ-आफ्ना क्षेत्रमा काम गरिरहेको जानकारी दिनुभयो । उहाँले हाल नेपालमा बुद्धिष्ट स्टडिज अन्तर्गत PGD / MA तहमा बुद्ध धर्म अध्ययन अध्यापन भइरहेको सन्दर्भमा परियत्ति शिक्षालाई पनि सरकारी तवरबाट मान्यता प्राप्त गराई समय सापेक्ष सञ्चालन गर्दै जानुपर्ने विचार व्यक्त गर्नुभयो।

नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रिय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानले वार्षिक प्रतिवेदन एवं भावी योजना प्रस्तुत गर्नुहुदै उहाँले नेपाल बौद्ध परियत्ति परिषद अन्तर्गत गठन भएका परीक्षा समिति, पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक प्रकाशन समिति, शिक्षक-शिक्षिका शिक्षण समिति, व्यवस्थापन समिति र दिक्षान्त समारोह समितिको संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्नुका साथै परियत्ति अतिरित्त कियाकलापहरूको जानकारी गराउनुभयो।

आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने कममा व्यवस्थापन समितिका संयोजक परुज्योतिले लेखा परीक्षकद्वारा दिइएको प्रतिवेदन एवं सुझाव प्रस्तुत गर्नुका साथै आर्थिक वर्ष २०६३/६४ को आय व्यय विवरण प्रस्तुत गर्नुभयो। उहाँले सोहि दिनमा नेपाल बौद्ध परियत्ति शिक्षाको सदस्यता नविकरण, नयाँ सदस्यता ग्रहण एवं आजीवन सदस्यता ग्रहण गरे बापत प्राप्त रकम बारेमा जानकारी दिनुभइ श्रद्धा अनुरुप दिल खोलेर चन्दा दिन सकेमा त्यसबाट पाठ्यकम निर्माण एवं पाठ्यपुस्तक प्रकाशनमा टेवा पुग्ने कुरा बताउनु भयो।

कार्यकममा प्रमुख अतिथि लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. केशव मान शाक्यले बुद्ध धर्ममा धर्मचक सुसञ्चालन गर्न तीन प्रकारका दानहरू आमिस दान, धम्म दान तथा अभय दानको आ-आफ्नै महत्व छ भन्नुहुँदै लुम्बिनी विकास कोषमा उपयुक्त एवं सक्षम व्यक्ति पुग्न सकेको छैन भन्ने भय सबै बौद्धहरुमा भइरहेको अवस्थामा आफूले उपाध्यक्ष जस्तो पदमा र हि सर्वप्रथम सबैको भय मुक्त पार्न अभय दान दिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो । उहाँले बौद्धहरूले संकुचित सोचलाई त्यागेर राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रका बौद्ध गतिविधिहरूलाई हेरि समस्तिगत रुपमा रणनैतिक योजना बनाइ अगाडि बढ्नु पर्ने कुराभा जोड दिनुभयो।

कार्यकमको दोश्रो सेसनमा परियत्ति शिक्षाको वर्तमान चुनौति र समाधानका उपाय विषयक अन्तरकिया कार्यकम सञ्चालन भएको थियो। भिक्षु कोण्डञ्य र भिक्षु निग्रोध सहजकर्ता रहनु भएको उक्त कार्यकममा विभिन्न परियत्ति केन्द्रका तर्फबाट सम्बन्धित व्यक्तिहरूले प्रतिकिया एवं सुझावहरू दिनुभएको थियो।

कार्यकमको अन्तमा धन्यवाद ज्ञापन गर्ने कममा नेपाल बौद्ध परियत्ति शिक्षाका सह परीक्षा नियन्त्रक भिक्षु भद्दियले बुद्ध धर्म मानवधर्म, कल्याणकारी धर्म हो भन्नुहुँदै साँचो शान्ति प्राप्त गर्न परियत्ति शिक्ष आवश्यक रहेको बताउनुभयो। वहाँले अभिभावक वर्गले सर्वप्रथम परियत्तिको महत्व बुझ्न नसकेमा मात्र आफ्ना छोराछोरीलाई परियत्ति शिक्षा अध्ययन गर्न प्रेरणा दिन सक्ने कुरा उल्लेख गर्नुभयो। वहाँले परियत्ति सभा सञ्चालन गर्न जलपान दाता भई सहयोग गर्ने दानलक्ष्मी कंसाकार त्यस्तै भिक्षु संघ र अनागारिकाहरूलाई भोजन दान दिने दाताहरू रोशन शाक्य, शोभानानी शाक्य एवं गुहस्थीहरूका लागि भोजन दाता भई सहयोग गर्नुहुने कुलवीर सिंह तुलाधर, रत्नेश्वरी तुलाधर र Blue Bird परिवार लाई, त्यस्तै परियत्ति शिक्षाको सदस्यता ग्रहण गर्ने सम्पूर्ण महानुभावहरू एवं परियत्ति प्रति तन मन र धनले सहयोग गर्नुहुने समस्त महानुभावहरूलाई साधुवाद दिनुभयो।

## सद्धम्मपालकदेखि कोविदसम्मको कक्षा सञ्चालन हुने

माथिको कक्षास्तरसँगै उचित शिक्षकशिक्षिकाको अभावमा धेरैले चाहेर पनि परिक्षा दिन नसकिरहेको सन्दर्भलाई ध्यानमा राखी परियत्ति शिक्षकशिक्षिका कमिटीले सद्धम्मपालकदेखि कोविदसम्मको कक्षा सञ्चालन यही आउँदो असार ७ गतेदेखि सञ्चालन हुने कुरा यस कमिटीका संयोजक अनागारिका ञाणवतीले जनाएका छन्। अभिधर्म, बुद्ध र बुद्धवाद, न्हुगु परित्राण निश्रय, पाली भाषा, विशुद्धिमार्ग, मिलिन्द प्रश्न जस्ता विभिन्न पुस्तकहरूको अध्यापन गराइने कुरा उनीले हामीलाई जनाएका छन्। यसका लागि सबैको पायक पर्ने स्थान विश्व शान्ति विहार, मीनभवनमा पढाई हुने कुरा जानकारी गराइन्छ । पढाउने शिक्षकशिक्षिकामा भिक्षु धर्मगुप्त, भिक्षु निग्रोध, अनागारिका अग्गञाणी, अनागारिका सुजाता, अनागारिका ञाणवती, अमिता धाख्वा, त्रिरत्न मानन्धर लगायतले पढाउने कुरा जानकारीमा आएको छ।

### तेस्रो परियत्ति धम्म कप-२५५१ सम्पन्न

नेपालका ज्येष्ठ संघनायक तथा नेपाल बौद्ध परियत्ति शिक्षाका संस्थापक शिक्षाध्यक्ष श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको ८७ औं जन्मदिनका अवसरमा सुखी होतु नेपालको आयोजनामा गत असोज २५ गतेदेखि २८ गतेसम्म नेपाल अधिराज्यभरीका ३४ वटा परियत्ति केन्द्रहरूका विद्यार्थीहरुबीच "द्वितीय परियत्ति धम्म कप - २५५१" सम्पन्न भयो । उक्त प्रतियोगीताको पहिलो, दोस्रो र तेस्रो दिनको सेमिफाइनल चरणहरू ललितपुरको सुमंगल विहारमा र फाइनल प्रतियोगिता अशोक पार्टी प्यालेस, पाटनढोकामा सम्पन्न भएको थियो। सो प्रतियोगितामा लुम्बिनी बौद्ध परियत्ति शिक्षा केन्द्र विजेता भएको थियो भने दोस्रो र तेस्रोमा कमशः वेलुवनाराम परियत्ति केन्द्र र ज्योति विहार परियत्ति केन्द्र पनि सफल भएको थियो।

### बुद्ध सम्वत २५५० वर्षको पुरस्कार वितरण समारोह सम्पन्न

बु. सं. २५५० (वि.सं. २०६३) सालको नेपाल बौद्ध परियत्ति शिक्षाको परीक्षामा बोर्ड स्थान प्राप्त विद्यार्थीहरूलाई २०६३ चैत्र २४ गते शनिवारको दिनबर्माका महामहिम राजदुतको आतिथ्यमा नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालय विश्वशान्ति

विहार, मीनभवनमा सम्पन्न भयो ।

ने.बौ.प.शि.का सह–शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरले परियत्तिका सम्पूर्ण विद्यार्थीहरुलाई परियत्ति प्रतिज्ञा गर्न लगाउनु भएको उक्त कार्यक्रममा प्रमुख अतिथि म्यानमारका महामहिम राजदूत U Aung Khin Soe ले परियत्ति सद्धम्म कोविद र सद्धम्म पालक उपाधि प्राप्त विद्यार्थीहरुलाई प्रमाण–पत्र तथा पुरस्कार वितरण गर्नुभएको थियो ।

## परियत्ति पुरस्कार वितरण कार्यक्रम सम्पन्न

ललितपुरको कुटिसौगलस्थित ललित विकास निम्न (माध्यमिक विद्यालयको कक्षा परिसरमा विद्यालयका विद्यार्थीहरु शिक्षक शिक्षिकाहरुका साथै भिक्षु बोधिज्ञान, श्रामणेरहरु धम्मघोष, जवन र जयन्तोको उपस्थितिमा परियत्ति पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । श्रामणेर धम्मघोषले दिनुभएको पञ्चशीबाट सुरु भएको यस कार्यक्रममा भिक्षु बोधिज्ञानबाट परियत्ति कक्षा १ र २ मा सफलता प्राप्त विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो । साथै विद्यालयमा सर्वोत्कृष्ट अरु ल्याउने परियत्ति कक्षा दुईका सुजिता लामा (९३.५०रु), विषषा विष्ट ( ९२रु) र गीता स्यारुटारु (८९.५ रु) र कक्षा एकका कन्चन थापामगर (८५ रु), फत्त वि.क. (७० रु) र केदार लामा (६३ रु) लाई विषेश नगद पुरस्कार दिइएको थियो ।

कार्यक्रमकोमा परियत्ति शिक्षा पढाउनु हुने अमिर शाक्य र अन्जु शाक्यलाई पनि विशेष पुरस्काररुारा सम्मानित गरियो । अन्त्यमा श्रामणेर जयन्तोले पुण्यानुमोदन गर्नु भएर कार्यक्रमको समापन गर्नु भयो ।

## परियत्ति पुरस्कार कार्यक्रम सम्पन्न

(गुन्हु पुन्ही ) जनै पूर्णिमाको उपलक्ष्यमा हरेक वर्ष झैं यस साल पनि शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयको वार्षिक उत्सव तथा परियत्ति पुरस्कार वितरण कार्यक्रम सुसम्पन्न भएको छ । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरको प्रमुख आतिथ्यमा शाक्यसिंह विहारको प्राङ्गणमा सम्पन्न भएको कार्यक्रममा त्यस केन्द्रबाट परीक्षा दिने कक्षा १ बाट २८ जना, कक्षा २ बाट २९ जना, कक्षा ३ बाट ९ जना, कक्षा ४ बाट ५ जना, कक्षा ५ बाट ८ जना र अन्य माथिल्ला कक्षाबाट ५ जना गरी जम्मा ८४ जना विद्यार्थीहरुलाई पुरस्कार वितरण गरियो । सोहि अवसरमा वि.सं. २०६४।।५।।८ शनिबारका दिन परियत्ति विद्यार्थीहरु बीच आयोजना गरिएको रुललितपुर जिल्लाव्यापि चित्रकला प्रतियोगितारुको नतिजा पनि प्रकाशित गरिएको थियो ।

## ज्ञानज्योति परियत्ति केन्द्रमा परियत्ति पुरस्कार वितरण

परियत्ति पुरस्कार वितरण कार्यक्रमको सिलसिलामा २०६४ श्रावन १२ गते शनिबारका दिन कसाः तःधं गुठी अन्तर्गत ज्ञानज्योति बौद्ध परियत्ति केन्द्रको कक्षा १ देखि कक्षा ४ सम्मका परियत्ति विद्यार्थीहरुलाई प्रमाण पत्र तथा पुरस्कार वितारण कार्यक्रम सम्पन्न भएको छ ।

अ.ने.भि.महासंघका उप(संघनायक भिक्षु अश्वघोष महास्थविरज्यूको प्रमुख आतिथ्य र साहुनी लक्ष्मी प्रभा कसाःज्यूको सभापतित्वमा सम्पन्न त्यस समार ोहमा प्रमुख अतिथिबाट प्रमाण पत्र तथा सभापतिबाट पुरस्कार वितरण भएको थियो ।

## स्वयम्भू धर्म पासा पुचः सिरपा-२०६३ ललिता धाख्वाःलाई

यहि जेष्ठ १९ गते शनिवारका दिन स्वयम्भू धर्म पासा पुचः, काठमाडौंले बनेपाको ध्यानकुटी विहार को प्राङ्गणमा शैक्षिक सत्र २०६३/२०६४ मा उत्कृष्ट अंक ल्याउन सफल भएका १६ जना विद्यार्थीहरुलाई सम्मान तथा पुरस्कार वितरण गरेको छ । यस कार्यक्रममा दीपङ्कर परियत्ति शिक्षालय, नागबहालबाट कोविद अन्तिम वर्षमा कुल ७७.९ रु अरु ल्याइ बोर्ड प्रथम स्थान हासिल गर्नुभएका सुश्री ललिता धाख्वाःलाई दोसल्ला ओढाई सम्मान गरी प्रमाण पत्र र नगद रु १०,०००।।( रु दस हजार) प्रदान गरिएको थियो । त्यसैगरी विगत वर्षझैं यस साल पनि बोर्ड ल्याउन सफल केन्द्र, दीपङ्कर परियत्ति शिक्षालयलाई बुद्धमूर्त्ति उपहार प्रदान गरिएको थियो ।

अग्गमहासद्धम्मजोतकधज साहु द्रव्यमानसिंह तुलाधर को प्रमुख आतिथ्य तथा स्वयम्भू धर्म पासा पुचः, काठमाडौंका अध्यक्ष पुण्यरत्न तुलाधरको सभापतित्वमा सम्पन्न सो समारोहमा परियत्ति शिक्षाको महत्वबारे श्रद्धेय भिक्षु अश्वघोष महास्थविर, नेपाल बौद्ध परियत्ति शिक्षाका पाठ्यक्रम संयोजक भिक्षु कोण्डन्य, केन्द्रीय परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञान, बनेपाका पूर्व मेयर डा. सुरेन्द्र बहादुर बाडे श्रेष्ठ, कोविद अन्तिम वर्षमा बोर्ड प्रथम स्थान हासिल विद्यार्थी ललिता धाख्वा , रत्न बहादुर राजकर्णिकार ( अध्यक्ष,ज्ञानमाला भजन खलः,स्वयम्भू), बीणा कंसाकार(बौद्ध महिला संघ) ले आरुनो अनुभवहरु र ाख्नुभएको थियो । जगतरत्न कसाःले स्वागत तथा देशरत्न कसाःले धन्यवाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रम भिक्षु पदुमले संचालन गर्नु भएका थियो ।


## दीपङ्कर परियत्ति शिक्षालयमा पुरस्कार वितरण

यहि आषाढ १२ गते शनिवारको दिन दीपङ्कर परियत्ति शिक्षालय, नागबहालमा यस वर्षको वार्षिक उत्सव तथा पुरस्कार वितरण समारोह, अखिल नेपाल भिक्षु महासंघका सह(सचिव भिक्षु भद्दियको सभापतित्व र बौद्ध परियत्तिका पाठ्यक्रम संयोजक भिक्षु कोन्डन्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ । विगतको वर्ष झैं यस साल पनि कोविद अन्तिम वर्षमा बोर्ड ल्याउन सफल यस केन्द्रको कार्यक्रममा केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान, भिक्षु उदयभद्र तथा अनागरिका अग्गज्ञाणीको पनि उपस्थिति थियो । यस केन्द्रबाट परीक्षामा सामेल भएका ७५ जना विद्याथी मध्ये ६१ जना उत्तीर्ण भएका थिए भने सुश्री ललिता धाख्वाले कोविद अन्तिम वर्षमा बोर्ड प्रथम स्थान हासिल गरेका थिए ।

## सिद्धिमंगल बुद्ध विहारमा पुरस्कार वितरण


२०६४ आश्विन १९ गते शनिबार

नेपाल बौद्ध परियत्ति शिक्षाको केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानजुको प्रमुख आतिथित्व र सिद्धिमङ्गल बुद्ध विहार, सिद्धिपुरका प्रमुख चन्दादाता श्री मोतिलाल शिल्पकारजुया सभापतित्वमा सिद्धिमङ्गल बौद्ध परियत्ति केन्द्रको आयोजनामा ११ औं प्रेरणा पुरस्कार वितरण समारोहरु सम्पन्न भएको छ ।



"सब्ब दानं धम्म दानं जिनाति"

साधुवाद ज्ञापन



दिवंगत पिता कुलरत्न तुलाधर र माता चिनिमाया तुलाधरको पुण्यस्मृतिमा उहाँहरुको निर्वाण कामनार्थ चित्राशोभा तुलाधर सपरिवार,कुलरत्न मार्ग, तीनधारा बाट यस अंक प्रकाशन गर्नको लागि प्रायोजन गरिदिनु भएको छ । उहाँहरुलाई नेपाल बौद्ध परियत्ति शिक्षा कृतज्ञताका साथ साधुवाद ब्यक्त गर्दछ ।

पेज नं. १ को क्रमश:

पहिलो पाठ्यक्रम संशोधनमा नै व्याकरण र त्यससँग सम्बन्धित प्रसङ्ग पनि व्यापक रुपमा समावेश गरियो। मलाई स्मरण छ, प्रसङ्गसँगै व्याख्या गर्ने पाठ्यक्रम विद्यालयमा समावेश नगरिकाले विद्यार्थीहरूलाई गाह्रो भएको महशुस भयो। पुस्तकमा सिधै लेखे जस्तै कण्ठ गर्न', अर्थ प्रयोग गर्न' जस्ता परम्पराका आचार्यहरूलाई पनि यो पद्धति टाउको दुखाईको विषय भयो। तर बिस्तारै यो पनि प्रयोग हुँदै गयो। यस्तै प्रत्येक कक्षाको पाठ्यपुस्तक वा पाठ्य विषयलाई अङ्क विभाजनले यो आचार्य परम्परालाई झंझट र जालझैं अनुभव पनि विस्तारै हटाउन थालियो। यो त अध्ययन गर्ने विद्यार्थीहरूलाई सजिलो पारी उत्साह दिने, परीक्षामा पास गर्ने बाटो हो भनी अनुभव हुन थाल्यो। यो पाठ्यक्रमले यति नम्बर आउँछ, कुनमा कति पढ्दा पुग्छ, त्यसमा मन लगाई पढ्ने काम शुरु भयो। एउटा पुरै पुस्तक अध्ययन नगराई विभिन्न पुस्तकबाट अलिकति, अलिकति गरी पाठ्यअंशहरू राख्दा किन पूरै पुस्तक अध्ययन नगर्ने भन्ने जस्ता विवादहरू पनि नउठेका होइनन्। यसले सम्पूर्ण पुस्तकहरूबारेमा थोरै भए पनि ज्ञान दिने भन्ने जस्ता कुराले यस विवादको साम्य गर्न थाल्यो। पाठ्यकम भनेको एउटै विषयमा धेरै बुझ्ने तरिकाले अनेक कोणहरूबाट पढाउने काम शुरु भयो। जसले गर्दा पाठ्यकम आएका विभिन्न समस्याहरू समाधान हुदै गयो।

पाठ्यकममो संरचनामा ६ वर्षसम्म अध्ययनबाट अथवा ६ कक्षासम्म पास भइसकेपछि ७ वर्षको अध्ययनलाई अथवा ७ कक्षालाई परियत्ति सद्धम्म पालक भनी नामाकरण गरी विद्यालयको वीऋ जस्तै हुन गयो।

शैक्षिक उद्देश्यको अन्तिम लक्ष्य बुझ्न पाठ्यकम कमशः उन्नति गरिनुपर्दछ। पाठ्यकमको स्तरगत विकास आफ्नो नै पाठ्य पुस्तक निर्माण विना सम्भव छैन भन्ने शिक्षाविद्हरूको तर्क रहेको छ। अनि यसलाई पाठ्यपुस्तक कसरी बनाउने भनी विचार विमर्श गरी पाठ्यपुस्तक निकाल्नु पर्ने ज्ञान विस्तारै आउन थाल्यो। अनि प्रकाशित नभएका पाठ्यपुस्तकहरूलाई अन्य सान्दर्भिक ग्रन्थहरू अध्ययन गर्नका लागि निर्देशन गरियो। यसरी बुद्ध सम्बत २५११ देखि २५१३ सम्ममा पाठ्यपुस्तक प्रकाशित भयो। पाली सुत्र वा गाथा कण्ठ परम्परा एक चौथाई वा पाचँमा एक भाग बुद्ध, वहाँको उपदेश बुझाईदिने, भाषाको व्याकरणमा दखलता प्रदान गर्ने र अभिव्यक्तिमा पनि प्रयोग गर्ने उद्देश्य साथ पाठ्यक्रम विकास गरियो। पाठ्यक्रम विकासका दृष्टिले लिखीत पुस्तकभन्दा आ-आफ्नो श्रद्धा, भक्ति र अभिरूचि अनुसार प्रकाशित पुस्तकहरू मध्येबाट छानि छानि पाठ्यक्रममा राखियो। नेपाल बौद्ध परियत्ति शिक्षाको सद्धम्म पालक हुदैं कोविदका लागि पाठ्यक्रम निर्माण भयो। नेपालमा बुद्धधर्म सम्बन्धित पुस्तकहरू धमाधम प्रकाशित भएसँगै पाठ्यक्रम निर्माण उद्देश्य पुर्ति गर्नका लागि सजिलो हुँदैगयो। आफ्नो भाषाको फलाना पुस्तक हुदाँहुदैं नबुझिनी हिन्दी भाषाका पुस्तकहरू किन ? जस्ता भावहरू पाठ्यविकासका शिल्पकारहरूमा भएर आए र आफ्नै स्वदेशी र चनाकारहरूलाई बढावा दिँदै आएको कुरा बुद्ध सम्बत २५२३ मा प्रकाशित पाठ्यक्रम बुद्ध सम्बत २५२५ देखि २५२८ सम्मका प्रकाशित पाठ्यक्रमले स्पष्ट गर्छ। बु. सं. २५२९ देखि २५३२ सम्मका पाठ्यक्रममा परियत्ति सद्धम्म कोविदमा भाषाज्ञाता समूह र अभिधर्म ज्ञाता समूह अलग्ग गर्नका लागि तल देखि नै समूहगत रूपमा आधारशीला राख्ने कार्य भयो। पालि भाषामा बुद्धका उपदेश पढ्ने देखि लिएर पालिभाषा सिकाउने कार्य शुरू भयो। पाठ्यक्रम विकासमा अहिले पनि कुनै पनिसमस्याहरू भने नभएका होइनन्। अर्को मुख्य समस्या भनेको भाषागत समस्या हो। नेपाल भाषामा परीक्षा दिने विद्यार्थीहरूले त. नेपाली भाषाको पुस्तक सजिलै हेर्ने गरेकाले छ तर यो समस्या भनेको नेपाली भाषाभाषी परीक्षार्थी लागि हो, नेपाली भाषाको पाठ्यक्रम खोज्दा नेपाल बौद्ध परियत्ति शिक्षाले त्यसको पुर्ति गर्न सकेको छैन। यता भने बु.सं. २५०७ देखि नै परीक्षाको भाषा नेपाल भाषा र नेपाली भाषा हुन्छ भनेर किटान गरिसकेको थियो।

अध्ययन अध्ययापनमा नेपाल भाषाभाषी नै बढी भित्रिएकाले नेपाली भाषाभाषीले तल्लोस्तर का कक्षाहरूमा मात्र परीक्षा दिने गरेका छन्। यो एउटा जल्दोबल्दो समस्या हो। परन्तु नेपाल बौद्ध परियत्ति शिक्षाको उद्देश्य दुबै भाषा माध्यम भए पनि यसलाई चरितार्थ भने गर्न सकेको देखिदैन। त्यस्तै अर्को समस्या भनेको माथिल्लो स्तरका ठूल-ठूला माटो-मोटा पुस्तकहरू खोज्ने फेरि पुस्तक प्रकाशित भए पनि उच्चस्तरका अध्ययनकर्मी कम भएकाले यस्ता पुस्तकहरू धर्मदानका रूपमा दिने गर्दछन्। जस्ले गर्दा यस्ता पुस्तकहरू चाडै सिधिएर विद्यार्थीहरूमा पुस्तकको अभाव देखिने गरेको छ। यसका लागि पुस्तकहरू किनी राख्ने वा संकलन गरि राख्ने समस्या छ।

नेपाल बौद्ध परियत्ति शिक्षाले आफ्नो उद्देश्य पुरा गर्नका लागि पाठ्यक्रमको विकास गर्दै आएको छ। मुख्यतया निम्न कुराहरू हामीले ख्याल गर्नुपर्ने देखिन्छ।

१) अहिले प्रकाशित भएका पुस्तकहरू उपयुक्त पाठ्यक्रममा राख्ने लक्ष्यका साथ पाठ्यक्रम बनाई पाठ्यक्रमका पाठ्यांश पाठ्यक्रमको पाठ्यपुस्तक प्रकाशित गर्दै जानुपर्दछ।

२) यसका लागि निर्वाण कामना गरि धर्मका पुस्तक प्रकाशित गर्न इछुक दाताहरूलाई नेपाल बौद्ध परियत्ति शिक्षाका पाठ्यक्रम अनुसार पुस्तक प्रकाशित गरि दान दिने प्रबृतिको विकास गर्नुपर्दछ।

३) आफ्नो मनमा उत्पन्न भएका विषयहरूमा पुस्तकहरू लेख्नु भन्दा नेपाल बौद्ध परियत्ति शिक्षाका पाठ्यक्रम अनुसार चाहिने विषयवस्तु र भाषास्तरले पुस्तक प्रकाशित गर्नुपर्दछ।

४) पाठ्यक्रम विकास, पाठ्यपुस्तक निर्माण, पाठ्यपुस्तक प्रकाशन र पाठ्यपुस्तक बिकिवितरण व्यवस्था योजनाबद्ध ढंगले गरिनुपर्दछ।

नेपाल बौद्ध परियत्ति शिक्षा परियत्ति सद्धम्म कोविद सम्मका परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरूलाई थप अध्ययनका लागि इच्छा भएकाहरू पनि हुनसक्छन्। तर पाठ्यक्रम अनुकुल पाठ्यपुस्तक अध्यापन व्यवस्था गर्नका लागि शिक्षकहरू नपुगेका, परियत्ति शिक्षाका व्यापकता पनि सिमित हुदैं गएको तर्फ ध्यान राखि यसतर्फ यिनीहरूलाई उच्चतम प्रयोग गर्नेतर्फ लाग्नुपर्ने देखिन्छ। यता एक कक्षा वा पाचैं कक्षा नामाकरण गर्दा विद्यालयका कक्षा हाम्रो आखाँमा झल्लझल्लती आउन सक्छ। त्यसका लागि नेपाल बौद्ध परियत्ति शिक्षामा कक्षाहरूको मौलिकताका लागि अर्कै नामाकरण गर्न सकिन्छ। जस्तै : प्रारम्भिक प्रथम वर्ष, प्रारम्भिक द्वितिया वर्ष आदि। यो त अहिले अभ्यास भएको पनि देखिन्छ। यसरी सीमित साधन र सीमित जनशक्तिमा पनि पाठ्यक्रममा यत्ति धेरै विकास भएको छ, निसन्देह यसको मूल्यांकनमा ठूलो सन्तोषको अनुभव गर्ने ठाउँ छ।

*(नेपाल बौद्ध परियत्ति शिक्षाको रजत महोत्सवको उपलक्ष्यमा प्रस्तुत गरिएको प्रतिवेदनको केही अंश- स.)*

**आफ्नो केन्द्रको समाचार पठाई सहयोग गर्नु हुन अनुरोध गरिन्छ।**

# बु. सं. २५५१ (वि.सं.२०६४) वर्षको ने. बौ. प. शि.को दीक्षान्त समारोहमा पदक, उपहार तथा नगद पुरस्कारको लागि सहयोग गरिदिनुहुने दाताहरूको नामावली

| क्र.सं. | विद्यार्थी | केन्द्र | कक्षा | श्रेणी | धर्मरत्न शाक्य र जुजुभाइ तुलाधर | पदक दाता | जितबहादुर वज्राचार्य, पुल्चोक रू.७,४००/ | प्रज्ञानन्द स्मृति सिरपा: रू.३,०००/ | सानुराजा, शोभा शाक्य,थैना, रू.३,०००/ | विरत्नकीर्ति विहार, कीर्तिपुर रू.४,०००/ | गंगादेवी महर्जन, कीर्तिपुर रू.२,८००/ | अ.सुशीला स्मृति सिरपा: (चैत्य) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | मोनिस वज्राचार्य | दीपंकर परियत्ति शिक्षालय, नागबहाल | 10 | बोर्ड प्रथम | कोविद स्वर्णपदक | आर.बी. बन्ध, प्यूखा | रू. १,०००/ | रू.६००/ | | | | |
| 2 | अनुप शाक्य | शाक्यसिंह परियत्ति शिक्षालय, थैना | 10 | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | 0 | रू. ५००/ | रू.३००/ | | रू. ५,००/ | | |
| 3 | अ. शुभा | विश्वशान्ति विहार, मीनभवन | 10 | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | 0 | | रू.३००/ | | | | कृष्णमान शाक्य |
| 4 | अ. शुभवति | धर्मकीर्ति विहार, श्रीघ: | 10 | तृतीय श्रेणी | कोविद स्वर्णपदक | 0 | | रू.३००/ | | | | |
| 5 | आग्नी रंजित | सुलक्षणकीर्ति विहार, चोभार | 10 | तृतीय श्रेणी | कोविद स्वर्णपदक | 0 | | रू.३००/ | | | | |
| 6 | अमिर शाक्य | विश्वशान्ति विहार, मीनभवन | 9 | प्रथम श्रेणी | | 0 | | | | | | |
| 7 | सुमर्णा श्रेष्ठ | सुवर्ण छत्रपुर विहार | 8 | द्वितीय श्रेणी | | 0 | | | | | | |
| 8 | मीना तुलाधर | धर्मकीर्ति विहार, श्रीघ: | 7 | बोर्ड प्रथम | | हेरादेवी शाक्य, बौद्ध | रू. ७,००/ | रू. ४००/ | | | | बुद्धदास शाक्य |
| 9 | अ. प्रीतिवति | धर्मकीर्ति विहार, श्रीघ: | 7 | बोर्ड द्वितीय | | प्रेमलाल श्रेष्ठ, नयाँ बानेश्वर | रू. ५,००/ | रू. ४००/ | | रू. ५,००/ | | |
| 10 | विजयलक्ष्मी शाक्य | धर्मकीर्ति विहार, श्रीघ: | 7 | बोर्ड तृतीय | | अष्टरत्न,रत्नदेवी धाख्वा नागबहाल | रू. ३,००/ | रू. ४००/ | | | रू. ४,००/ | |
| 11 | प्रबिना महर्जन | नगरमण्डप श्रीकिर्ति विहार | 6 | बोर्ड प्रथम | | मोतिलाल शिल्पकार मानभवन | रू. ६,००/ | | रू. ५,००/ | | | दानमान शाक्य |
| 12 | अ. सुवण्णवति | धर्मकीर्ति विहार, श्रीघ: | 6 | बोर्ड द्वितीय | | धर्मबहादुर धाख्वा कृष्णगल्ली | रू. ४,००/ | | | रू. ५,००/ | | |
| 13 | अ. ध्यानवति | धर्मकीर्ति विहार, श्रीघ: | 6 | बोर्ड तृतीय | | धनबहादुर नकर्मी ढल्चे | रू. २,००/ | | | | रू. ४,००/ | |
| 14 | चैत नारायण श्रेष्ठ | बुद्ध भूमि परियत्ति केन्द्र, टोखा | 5 | बोर्ड प्रथम | | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर | रू. ५,००/ | | रू. ५,००/ | | | |
| 15 | स्वर्णिम कंसाकार | ज्ञानज्योति परियत्ति, ठमेल | 5 | बोर्ड द्वितीय | | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर | रू. ३,००/ | | | रू. ५,००/ | | |
| 16 | शिव कुमार राई | नगदेश बुद्ध विहार नगदेश | 5 | बोर्ड तृतीय | | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर | रू. २,००/ | | | | रू. ४,००/ | |
| 17 | अ. अनग्गञाणी | अमरापुर विहार, बुङ्गमति | 4 | बोर्ड प्रथम | | दुण्डबहादुर वज्राचार्य वनबहाल | रू. ४,००/ | | रू. ५,००/ | | | |
| 18 | सामणेर बुद्धपियो | विश्वशान्ति विहार, मीनभवन | 4 | बोर्ड द्वितीय | | तारादेवी शाक्य ओकुबहाल | रू. २,००/ | | | रू. ५,००/ | | |
| 19 | संगिना वज्राचार्य | विश्वशान्ति विहार, मीनभवन | 4 | बोर्ड तृतीय | | बाबुकाजी शाक्य लगनखेल | रू. १,००/ | | | | रू. ४,००/ | |
| 20 | सामणेर उत्तरो | विश्वशान्ति विहार, मीनभवन | 3 | बोर्ड प्रथम | | संघरत्न शाक्य भक्तपुर | रू. ३,००/ | | रू. ५,००/ | | | |
| 21 | प्रनेश शाक्य | शाक्यसिंह परियत्ति शिक्षालय, थैना | 3 | बोर्ड द्वितीय | | गुलुपा दाता जीवरत्न स्थापित | रू. १,००/ | | | रू. ५,००/ | | |

# बु. सं. २५५१ (वि. सं. २०६४) परीक्षा परिणाम

| सं. | केन्द्रको नाम | आवेदन दिने | परीक्षा दिने | छोडे | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | जम्मा उत्तीर्ण |
|---|---|---|---|---|---|---|---|---|
| 1 | शाक्यसिंह विहार, थैना | 112 | 103 | 1 | 57 | 26 | 14 | 98 |
| 2 | धर्मकीर्ति विहार, नघल | 94 | 85 | 5 | 38 | 26 | 6 | 75 |
| 3 | गणमहाविहार, गणबहाल | 15 | 14 | | 11 | 2 | 1 | 14 |
| 4 | यशोधरा मा.वि., थैना | 49 | 41 | | 27 | 13 | 1 | 41 |
| 5 | श्रीकीर्ति विहार, कीर्तिपुर | 49 | 45 | 1 | 9 | 12 | 23 | 45 |
| 6 | पर्णाधपूर्ण विहार, बलम्बु | 43 | 35 | | 13 | 9 | 10 | 32 |
| 7 | ज्योति विहार, चापागाउँ | 16 | 16 | | 14 | 2 | 0 | 16 |
| 8 | दीपंकर परियत्ति शिक्षालय | 100 | 78 | 1 | 20 | 28 | 24 | 73 |
| 9 | मुनि विहार, भक्तपुर | 89 | 69 | 1 | 46 | 14 | 7 | 68 |
| 10 | जितापुर गन्धकुटी विहार, खोकना | 26 | 18 | | 14 | 3 | 0 | 17 |
| 11 | परोपकार मा.वि., भीमसेनस्थान | 89 | 45 | | 13 | 18 | 10 | 41 |
| 12 | अमरापुर विहार, बुंगमती | 29 | 25 | 2 | 20 | 3 | | 25 |
| 13 | विश्व शान्ति विहार, मीनभवन | 106 | 76 | 5 | 34 | 20 | 8 | 67 |
| 14 | सिद्धिमंगल विहार, ठिमि | 12 | 11 | | 4 | 3 | 3 | 10 |
| 15 | वेलुवनाराम विहार, थेचो | 36 | 21 | | 10 | 5 | 5 | 20 |
| 16 | भास्सरा मा. वि., पूर्णचण्डी | 83 | 83 | | 40 | 33 | 10 | 83 |
| 17 | बौद्धजन विहार, सुनाकोठी | 19 | 13 | | 8 | 5 | | 13 |
| 18 | आनन्दकुटी विहार, स्वयम्भू | 31 | 22 | | 10 | 7 | 4 | 21 |
| 19 | लुम्बिनी परियत्ति केन्द्र, लुम्बिनी | 35 | 29 | | 15 | 10 | 3 | 28 |
| 20 | जगत सुन्दर ब्वनेकुथी, थाग: | 46 | 39 | | 19 | 12 | 4 | 35 |
| 21 | बोधिचर्या विहार, बनेपा | 49 | 39 | | 28 | 8 | 2 | 38 |
| 22 | सुवर्ण छत्रपुर विहार, लुभु | 23 | 19 | | 4 | 7 | 5 | 16 |
| 23 | ज्ञानज्योति परियत्ति केन्द्र, ठमेल | 27 | 21 | 1 | 4 | 7 | 3 | 15 |
| 24 | सुलक्षणकीर्ति विहार, चोभार | 31 | 18 | | 17 | 0 | 1 | 18 |
| 25 | त्रिरत्नकीर्ति विहार, कीर्तिपुर | 21 | 21 | | 12 | 4 | 5 | 21 |
| 26 | रानीपानी ग्रामसेवा केन्द्र | 47 | 33 | | 10 | 7 | 15 | 32 |
| 27 | कान्ति ईश्वरी मा.वि, प्युखल. | 24 | 16 | | 6 | 6 | 2 | 14 |
| 28 | बुद्ध विहार, विराटनगर | 21 | 15 | | 11 | 0 | 3 | 14 |
| 29 | शान्ति वन, गोदावरी | 11 | 7 | | 2 | 3 | 0 | 5 |
| 30 | बुद्धभूमि बौद्ध परियत्ति, टोखा | 34 | 32 | 1 | 18 | 8 | 2 | 29 |
| 31 | नगदेश बुद्ध विहार, नगदेश | 38 | 33 | 1 | 20 | 8 | 2 | 31 |
| 32 | आनन्दकुटी विद्यापीठ, स्वयम्भू | 8 | 7 | | 0 | 0 | 7 | 7 |
| 33 | ललित विकास नि. मा. वि., कुटीसिंगल | 52 | 28 | | 2 | 8 | 10 | 20 |
| 34 | अन्तर्राष्ट्रिय बुद्ध परियत्ति उदय विहार, बुटवल | 65 | 59 | 1 | 23 | 21 | 10 | 55 |
| 35 | धर्मशिला बुद्ध विहार, पोखरा | 41 | 27 | | 13 | 11 | 3 | 27 |
| 36 | आनन्द विहार, तानसेन, पाल्पा | 80 | 51 | 2 | 38 | 7 | 6 | 53 |
| 37 | सुगतपुर विहार, त्रिशूली | 11 | 11 | | 9 | 2 | 0 | 11 |
| 38 | माभनखण्ड बुद्ध विहार, माभनखण्ड | 60 | 49 | | 9 | 15 | 20 | 44 |
| 39 | आदर्श सरल मा. वि, नागबहाल | 66 | 31 | | | 11 | 14 | 25 |
| 40 | आनन्दभुवन विहार, स्वयम्भू | 76 | 65 | | 24 | 21 | 16 | 61 |
| 41 | बुद्ध देशना अध्ययन समाज, अर्घाखाँची | 56 | 48 | | 25 | 13 | 10 | 48 |
| 42 | तौलेश्वरनाथ संस्कृत मा.वि., कपिलवस्तु | 73 | 61 | | | 13 | 29 | 42 |
| 43 | शान्ति श्री बुद्ध विहार, बामी टक्सार, गुल्मी | 45 | 22 | | 5 | 6 | 7 | 18 |
| 44 | सुगन्ध विहार, रिडी, गुल्मी | 27 | 23 | | 8 | 5 | 8 | 21 |
| 45 | धर्मकीर्ति वसुन्धरा प. के., वसुन्धरा | 23 | 21 | | 17 | 4 | | 21 |
| 46 | जीतवन विहार प. के., थानकोट | 21 | 18 | | 9 | 4 | 5 | 18 |
| 47 | बुद्ध विहार, धरान (सम्यक शिक्षा स्कूल) | 25 | 25 | | | 10 | 12 | 22 |
| | जम्मा | 2134 | 1668 | 22 | 736 | 460 | 330 | 1548 |
| | पाइभेट | | | | | | | |
| 1 | आदर्श सरल मा. वि, नागबहाल | 47 | 47 | | 16 | 15 | 16 | 47 |
| 2 | यशोधरा मा. वि., थैना | 87 | 87 | | 39 | 19 | 29 | 87 |
| 3 | डि.ए.भि. स्कूल, जावलाखेल | 818 | 744 | | 283 | 230 | 231 | 744 |
| 4 | आनन्दभुवन विहार, स्वयम्भू | 51 | 51 | | 19 | 18 | 14 | 51 |
| 5 | सुधर्माराम विहार, कोबहाल | 17 | 17 | | 12 | 3 | 2 | 17 |
| 6 | भास्सरा मा वि., पूर्णचण्डी | 95 | 95 | | 48 | 37 | 10 | 95 |
| 7 | कन्या मन्दिर उच्च मा. वि, न्हयोखा | 61 | 43 | | 17 | 19 | 7 | 43 |
| | जम्मा | 1176 | 1084 | 0 | 434 | 341 | 309 | 1084 |
| | | 3310 | 2752 | 22 | 1170 | 801 | 639 | 2632 |

"अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित"

# नेपाल बौद्ध परियत्ति शिक्षा

बु.सं. २५५२ (बि.सं. २०६५)

## परीक्षा तालिका

समय :- बिहानको ७:३० – १०:३० बजे

| कक्षास्तर | माघ ४ गते शनिबार | माघ ६ गते सोमबार | माघ ८ गते बुधबार | माघ १० गते शुक्रबार |
|---|---|---|---|---|
| १. प्रारम्भिक प्रथम वर्ष | प्रथम पत्र | | | |
| २. प्रारम्भिक द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ३. प्रारम्भिक तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ४. प्रवेश प्रथम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ५. प्रवेश द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ६. प्रवेश तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र |

### माघ महिना

| कक्षास्तर | ११ गते शनिबार | १४ गते मंगल | १७ गते शुक्र | २० गते सोम | २३ गते बिही | २६ गते आईत |
|---|---|---|---|---|---|---|
| उपाधि परीक्षा (७) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | |
| को.प्रथम वर्ष(८) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| को. मध्यम वर्ष(९) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| को. अन्तिम वर्ष(१०) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |

### परीक्षा सम्बन्धी थप अन्य जानकारीहरू

परीक्षा प्रवेश शुल्क

(क) प्रा.प्र.वर्ष (कक्षा १) देखि प्र.तृतीय वर्षसम्म प्रतिपत्रको रू.२०/-

(ख) सद्धम्मपालक उपाधि – कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म प्रतिपत्रको रू.३०/-

परीक्षा माध्यम - नेपाल भाषा र नेपाली

मौखिक परीक्षा व्यवस्था - प्रारम्भिक तृतीय वर्ष (कक्षा ३) सम्म ।

सद्धम्मपालक उपाधि देखि कोविद अन्तिम वर्ष सम्म ऐच्छिक विषय - पाली भाषा/अभिधर्म

---

परीक्षाको आवेदन फाराम वितरण – वि.सं.२०६५ कार्तिक १ गते शुक्रबारदेखि ।

आवेदन फाराम बुझाइसक्नुपर्ने – वि.सं.२०६५ मंसीर मसान्तभित्र ।

प्रवेश-पत्र (अंधकट्टी) वितरण – वि.सं.२०६५ पुष ६ गते आइतबार ।

••ढिलो दस्तुर सहित फाराम बुझाउने अन्तिम मिति - वि.सं. २०६५ पुष १५ गते मंगलबार भित्र

परीक्षार्थी नामावली र प्रवेश-पत्रमा त्रुटी सच्याई सक्नुपर्ने – वि.सं.२०६५ पुष १६ गते बुधबारभित्र ।

परीक्षा परिणाम प्रकाशन – वि.सं.२०६५ साल चैत्र २ गते आइतबार ।

दीक्षान्त समारोह– वि.सं.२०६५ साल चैत्र १५ गते शनिबार ।

#### प्राइभेट परीक्षा सम्बन्धी जानकारी

विशेष व्यवस्था भएको अनुसार पूर्व स्वीकृति बमोजिम प.स.पा.को प्रारम्भिक प्रथम वर्ष र प्रारम्भिक द्वितीय वर्षको परीक्षा आ-आफेनो केन्द्रमा परीक्षा लिने, अनि परीक्षा फल मात्र केन्द्रीय कार्यालयमा पठाउने गरी परीक्षा लिन सकिनेछ ।

•• ढिलो दस्तुर प्रति दिन रु २ का दरले लिइनेछ । पुष १५ गते भन्दा पछि आएको आवेदन कडाईका साथ कुनै पनि हालतमा स्वीकार्य हुनेछैन ।